नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## तराई-मधेश समृद्धि कार्यक्रम

### केन्द्रिय समन्वय इकाई

नयाँ बानेश्वर,काठमाडौं

पत्र संख्या :-०७५/०७६ मिति :-२०७५/०८/२७

चलानी नं. :-

**प्रेश विज्ञप्ती**

नेपाल सरकारको आर्थिक वर्ष २०७५।७६ को वजेट बक्तव्यको बूँदा नं. १८२ अनुसार तराई मधेशका मानव विकास सुचकांकमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहहरुमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरी सघन रुपमा अर्थिक सामाजिक रुपान्तरण गर्न एवं सार्वजनिक सेवामा पहुँच अभिबृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार चालु आ.व. २०७५।७६ का लागि तराई मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाइबाट तराई मधेशका २१ जिल्लाका सबै स्थानीय तहहरुबाट आयोजना / कार्यक्रम माग गरिएकोमा स्थानीय तहहरुबाट आयोजना / कार्यक्रमको प्राप्त माग प्रस्तावमध्ये आश्यकता अनुसार तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय निर्देशक समितिको मिति २०७५/०८/२५ गतेको बैठकको निर्णय अनुसार आयोजना / कार्यक्रमहरु स्वीकृत गरिएको छ ।

केन्द्रबाट चालु आ.व. २०७५/७६ का लागि स्वीकृत कार्यक्रमहरु २०७५ माघ मसान्तसम्म मौजुदा कानुनको प्रक्रिया पूरा गरी योजना सम्झौता गर्नुपर्ने एवं आयोजना / कार्यक्रम स्वीकृत भएका स्थानीय तहहरुले २०७५ माघ मसान्तसम्म योजना सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि नबढाएको अवस्थामा सम्बन्धित स्थानीय तहका लागि स्वीकृत भएको बजेटको विनियोजित रकम केन्द्रमा खिची अन्य स्थानीय तहलाई विनियोजन गरिनेछ । साथै केन्द्रबाट स्वीकृत आयोजना /कार्यक्रमहरु २०७६ जेठ मसान्तसम्म योजना सम्झौता अनुरुप सम्पन्न हुन नसकेमा स्वीकृत रकम सशर्त पूँजीगत बजेट अनुसार केन्द्रमा फिर्ता हुने ब्यहोरा समेत अनुरोध गरिन्छ ।

तराई मधेशका आर्थिक, सामाजिक रुपले पछाडि परेका वर्ग र समुदायको आर्थिक, सामाजिक रुपान्तरणको लागि सञ्चालित तराई मधेश समृद्धि कार्यक्रमबाट स्वीकृत आयोजना / कार्यक्रमहरु तोकिएको समय र प्रक्रिया अनुसार कार्यान्वयन गर्न हुन समेत सम्बन्धित स्थानीय तहहरुमा हार्दिक अनुरोध गरिन्छ ।

स्वीकृत आयोजना/कार्यक्रमहरुको उपयूक्त तवरबाट कार्यान्वयन भएमा तराई-मधेशको समृद्धिमा टेवा पुग्ने आशा मन्त्रालयले लिएको छ ।

८।२६

रामहरि शर्मा

कार्यक्रम निर्देशक

फोन नं. : ५२४४६७७, ५२४४९३७

E-mail :mofaga.tmpp@gmail.com, website :www.mofaga.gov.np